# प्रेस विज्ञप्ति

मितिः २०८१/०५/१०

## नेपाल वायुसेवा निगमको A330 जहाज 9N-ALY को मर्मत (सी चेक) सम्बन्धमा

नेपाल वायुसेवा निगमको A330 जहाज 9N-ALY को मर्मत (सी चेक) सम्वन्धमा विभिन्न संचार माध्यमहरुमा आएका समाचार प्रति निगमको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त समाचारहरुबाट आमजनमानसमा सिर्जना भएको भ्रम निवारण तथा यथार्थ जानकारी दिनका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१. निगमको A330 जहाज 9N-ALY को नियमित मर्मत 'सी-चेक' को कार्य नियमानुसार सम्झौता गरिएको मर्मत कम्पनी M/s Atitech S.P.A., Italy मा मर्मत कार्य भइरहेको छ ।

२. यो सी-चेकमा अन्य सी-चेक भन्दा जहाजको विस्तृत जाँच गरिने र सो क्रममा केहि Major Findings जस्तै MLG को Bush Rotation, NTF Replacement, Fuel tank Inspection, Corrosion Repair on LAV 61/62, Cargo Compartment Roller Replacement आदि गर्नुपर्ने देखिएकोले केही मर्मत कार्यहरुको लागि जहाज निर्माता कम्पनी एयरबस संग पत्राचार गरी मर्मत कार्य भइरहेको छ । समाचारमा आएको जस्तो नभई निगम र मर्मत कम्पनीबीच जहाजको मर्मत कार्य सम्पन्न गराई छिटो फिर्ता ल्याउन समन्वय भइरहेको छ ।

३. हाल सी-चेक भइरहेको जहाजको लागि आवश्यक पार्टपुर्जाहरु निगमको समन्वयमा इटालीको भन्सारबाट छुटाई मर्मत कम्पनी MRO ले प्राप्त गरिरहेको छ ।

४. सी-चेक कार्यको आवश्यक समन्वयको लागि आवश्यकतानुसार निगमको प्राविधिक टोलि पठाउनु पर्ने हुन्छ । सोहि अनुसार निगमले इ.एम.डी. निर्देशक देवकृष्ण सन्जेल, वरिष्ठ प्राविधिक अधिकृत सन्दिप तुलाधर र अधिकृत भागेश्वर विश्वासलाई मर्मत कम्पनीमा पठाएको र उक्त टोलिले MRO संग राम्ररी समन्वय गरी कार्य गरिरहेको तर Visa Stay अवधी सकिन लागेकोले निगमले उक्त टोलीलाई फिर्ता बोलाई अर्को प्राविधिक टोली मर्मत कम्पनीमा पठाइएको छ ।

५. मर्मत कम्पनीले उक्त जहाजको सी-चेक कार्य २५ अगस्ट, २०२४ मा सम्पन्न गरिसक्ने जनाएको थियो । तत्पश्चात् मर्मतको शिलशिलामा प्राविधिक कारणले जहाजमा थप मर्मत गर्नुपर्ने र पार्टपुर्जाहरुको व्यवस्था गर्नुपर्ने देखिएकोले सी-चेक मर्मत कार्य सम्पन्न हुन केहि थप समय लाग्ने

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोनः ४२२०७५७ फ्याक्स : ०१-४२२५३४८
Email: general@nac.com.np, info@nac.com.np, Web: www.nepalairlines.com.np

नेपाल
वायुसेवा

जानकारी निगमलाई गराएको थियो र निगमले अगस्ट २०२४ भित्र उक्त जहाजको मर्मत कार्य सम्पन्न गराउन मर्मत कम्पनी संग पहल गरिरहेको छ ।

६. निगमको अर्को A330 जहाज 9N-ALZ को सी-चेकको अवधी नियमानुसार नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृती लिई ४५ दिन वा ३०० उडान घण्टासम्म थपिएको र सो जहाजलाई सी-चेकको लागि २८ अगष्ट, २०२४ मा काठमाडौंबाट दुवई हुँदै इटाली स्थित MRO मा पठाउन आवश्यक तयारी भइरहेको छ । यसरी निगमले जहाज सम्बन्धी हरेक पक्षहरु हवाई सुरक्षा, नियामक निकायको निर्देशन, प्राविधिक पक्ष, बजार व्यवस्थापन समेतलाई ध्यान दिई आफ्नो साधन र श्रोतको अधिकतम उपयोग गरी जहाजलाई सकेसम्म चाँडो मर्मत सम्पन्न गरी दुबै A330 जहाजहरुलाई उडान योग्य बनाउन आवश्यक कार्य गरिरहेको छ ।

मुलुकको हवाई क्षेत्रमा निगमले पुऱ्याउँदै आएको सेवा, अफगानिस्तानमा भएको उद्दार, कोभिड माहामारीको वखत चीनको वुहानबाट नेपालीहरुको उद्दार, इजरायलबाट नेपालीहरुको उद्दार, जाजरकोटमा गएको भुकम्पबाट भएका घाइतेहरुको उद्दार जस्ता विभिन्न विपद् तथा संकटमा राष्ट्रिय ध्वजावाहकको योगदान तथा मुलुकको पर्यटन प्रवर्द्धनमा खेल्दै आएको भूमिका महत्वपूर्ण विषय हो । उक्त कुरालाई मध्यनजर गर्दै निगमको वर्तमान व्यवस्थापनले राष्ट्रिय ध्वजावाहकको गुणात्मक सुधारको लागि उल्लेखनीय कार्यहरु इमान्दारीताका साथ गर्दै आएको छ ।

तसर्थ, निगमका सम्बन्धमा समाचार प्रकाशन गर्दा निगमको आधिकारिक धारणासहित सत्य र तथ्य राखिदिनुहुन सवैमा अनुरोध छ ।

नेपाल वायुसेवा निगम कान्तिपथ, काठमाडौं नेपाल

.............
रमेश पौडेल
प्रवक्ता
नेपाल वायुसेवा निगम